मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोनः-०४८-५४०११२

प.सं.:-०७९/८०
च.नं.:-

## सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान कार्यक्रम सञ्चालन गर्न प्रस्तावपत्र पेश गर्ने सम्वन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति : २०७९।०५।०२)**

मन्थली नगरपालिका र राष्ट्रिय वाणिज्य बैंक वीच भएको सम्झौता अनुसार चालु आ.व.२०७९/८० को उद्यम कार्यक्रम सञ्चालन गर्न इच्छुक तथा तोकिएको योग्यता पुगेका युवा उद्यमीहरुको साझेदारी फर्म/उद्योग/समुहहरुले तपशिल बमोजिमका आवश्यक कागजात सहित राष्ट्रिय वाणिज्य बैंकको सहुलियतपुर्ण कर्जाको लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ र युवा उद्यम संचालन कार्यविधि २०७६ को प्रावधान बमोजिमको ढाँचामा व्यवसायिक योजना,प्रस्तावपत्र र निवेदन सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र रित पुर्वक मन्थली नगरपालिका उद्यम बिकस शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**क) प्रस्ताव पेश गर्न सकिने उद्यमक्षेत्रहरु :**

१. व्यावसायिक कृषि तथा पशुपंक्षीसंग सम्वन्धित उद्यम/व्यवसायहरु
२. शिक्षित युवा स्वरोजगारसंग सम्वन्धित उद्यम/व्यवसायहरु,
३. वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजनासंग सम्वन्धित उद्यम/व्यवसायहरु,
४. महिला उद्यमशीलतासंग सम्वन्धित उद्यम/व्यवसायहरु,
५. दलित समुदाय व्यवसाय विकाससंग सम्वन्धित उद्यम/व्यवसायहरु,

**ख) प्राथमिकता :**

१.गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (मेडपा), प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, घरेलु तथा साना उद्योग कार्यालय/समिति, व्यावसायिक सीप विकास तालिम केन्द्र, मन्थली नगरपालिका द्वारा उद्यम सम्बन्धी तालिम प्राप्त र मान्यता प्राप्त संस्थाबाट तालिम प्राप्त गरेका उद्यमी/व्यवसायीहरु सम्मिलित फर्म/समुहहरुलाई प्राथमिकतामा राखी छनौट गरिने छ ।

**ग) प्रकृया :**

१. इच्छुक व्यवसायीहरुबाट निवेदनका साथ सम्बन्धित वडा कार्यालयको सिफारिस ।
२. मन्थली नगरपालिकाबाट सिफारिस भएका फर्म/उद्योग/व्यवसायको लागि राष्ट्रिय बाणिज्य बैंकको नियमानुसार आवश्यकता र औचित्यताका आधारमा ऋण प्रवाह गरिने छ ।यस सम्बन्धी आवश्यक सहजिकरण सम्बन्धित वडा कार्यालयबाट पनि हुनेछ ।
३. यस्तो ऋण प्राप्त गर्ने व्यवसायीहरुले ५ बर्ष सम्ममा सम्पूर्ण साँवा र व्यज चुक्ता गरिसक्नु पर्नेछ ।

**घ) उद्यमी सिफारिसका लागि मुल्यांकनका आधारहरु :**

१.प्रस्तावित उद्यमको व्यावसायिक कार्ययोजना ।
२. समावेशी सहभागिता ।
३. स्थानीय श्रोत उपयोगको आधारमा ।
४. अर्थिक लगानीको सुनिश्चितता ।
५. थप रोजगारीको सृजना गर्ने ।
६. बजारको सुनिश्चितता ।
७.मानवीय स्रोत (तालिम प्राप्त युवा)

**ङ). निवेदनको ढाँचा यसैसाथ संलग्न गरिएको छ । यस ढाँचा नगरपालिकाको वेभसाइट : www.manthalimun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।**

*थप जानकारीको लागि मन्थली नगरपालिकाको लघु उद्यम शाखा वा राष्ट्रिय वाणिज्य बैंकको* **www.rbb.com.np** वा *फोन नं. ०४८-५४००५५ र ०४८-५४०२५५ मा सम्पर्क राख्न सकिनेछ ।*

*लिलाराज पौडेल*
*प्रमुख प्रशासकीय अधिकृत*

प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान कार्यक्रमको लागी आवश्यक कागजातहरु

१. निवेदकको नागरिकता प्रमाणपत्र प्रतिलिपी ( सामुहिक भए समूह सवैको )

२.व्यवसाय/फर्म दर्ता प्रमाण पत्रको नविकृत प्रतिलिपी

३. कर चुक्ताको प्रतिलिपी - न.पा र कर कार्यालयको समेत)

४.तालिम लिएको प्रमाणपत्र को प्रतिलिपी

५. व्यवसायिक योजना

६. वडा कार्यालयको सिफारिस

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

अनुसूची २

(दफा ११(क) संग सम्बन्धित)

............................................ कर्जाका लागि ऋणीले बैंकमा दिने निवेदनको ढांचा

मिति : २०..। .. । ..

श्री .............................बैंक लि.

..................................... ।

बिषय : व्याज अनुदान सहितको ................................ कर्जा बारे ।

महाशय,

उपर्युक्त सम्बन्धमा नेपाल सरकारले जारी गरेका "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम .................. कर्जा उपभोग गर्नका लागि मलाईरमेरो (फर्म), कम्पनी, संस्था) ........... लाई ................ प्रयोजनका लागि कर्जा प्रदान गरिदिन हुन यो निवेदन पेश गरेको छु। साथै, त्यस बैंकले तोकेका कागजात तथा बिवरण समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेका छुरछौ । मैले प्रचलित कानून, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएका शर्तहरुको अधीनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको सांवा तथा व्याज समयमै भुक्तानी गर्नेछु ।

नाम :

ठेगना :

सम्पर्क टेलिफोन नं.

फर्म, कम्पनी, संस्था, उद्योग भए,

नाम :

छाप :

ठेगाना :

सम्पर्क टेलिफोन नं.

उद्यम गर्न चाहेका क्षेत्रहरु

अनुसूची १

(दफा २ संग सम्बन्धित)

(क) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा :

१. तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,

२. बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,

३. वनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा वागवानी,

४. पशुपन्छीपालन,

५. अष्ट्रिज, टर्की र हांसपालन, सोको मासु एवं अण्डाको भण्डारण प्रशोधन तथा बिक्री वितरण,

६. फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन, भण्डारण र बिक्री वितरण,

७. दुग्ध उत्पादन, प्रशोधन र बिक्री वितरण,

८. मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा बिक्री वितरण,

९. च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,

१०. पशुवधशाला, मासुजन्य उत्पादन, सोको भण्डारण, प्रशोधन तथा बिक्री वितरण,

११. जडिबुटी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,

१२. उखु, कफी, चिया, अलैची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, अल्लो, लोक्ता खेती तथा यिनीहरुको भण्डारण, प्रशोधन र बिक्री वितरण,

१३. मौरी पालन व्यवसाय,

१४. जौ, फापर, सिलामको उत्पादन, प्रशोधन र बिक्री वितरण,

१५. प्राबगारिक तथा जैविक मल,

१६. पशुजन्छीजन्य दाना उद्योग,

१७. कपास, उन, रेसम खेतीरउत्पादन, प्रशोधन र बिक्री वितरण,

१८. भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट उनको उत्पादन, प्रशोधन र बिक्री वितरण,

१९. नेपाल सरकारले समय समयमा थप गरेका अन्य कृषि तथा पशुपन्छीजन्य व्यवसायहरु ।

(ख) शिक्षित युवा स्वरोजगार कर्जा, (ग) वैदेशिक रोजगारबाट फर्केका युवा परियोजना कर्जा र (घ) महिला

उद्यमशीलता कर्जा :

देहायका व्यवसाय तथा उद्यमहरुको लागि प्रवाह हुनेछ ।

(१) कृषि व्यवसाय (उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण) :

(क) खाद्यान्न, नगदे बाली, तरकारी, फलफूल तथा जडिबुटी :

( धान, गहुं,मकै, कोदो, जौ, तोरी, सरस्यू, केराउ, चना, भटमास आदि ।

( चिया, अलैंची, सूठो, सुपारी, नरिवल, कपास, अल्लो, अम्रिसो, बाबियो, उखु,रबर, अदुवा, बेसार, सूर्यमुखी, मरीच जस्ता मसला आदि।

( लसुन, प्याज, आलु, काउली, बन्दा, परवल, कुरिलो, भण्टा, चम्सुर, पालुंगो, रायो, ब्रोकाउली, गोलभेडा, च्याउ, बोडी, सिमी, फर्सी, गाजर, मुला, खोर्सानी, पिंडालु, इसकुस, धनियां, तरुल, घिरौला आदि । ( आंप, सुन्तला, स्याउ, अनार, दारिम, अम्बा,

कागती, निबुवा, भोगटे, ज्यामीर, लप्सी, लिची, कटहरा, भूइंकटहर, अंगुर, हलुवाबेद, मेवा, केरा, खुर्सानी, वयर, सतीवयर, अमला, विभिन्न किसिमका फूल खेती, ( टिस्यूकल्चर, बीउ तथा बेर्ना उत्पादन समेत) आदि ।

( नेपाल सरकारको सम्बन्धित निकाय वा जडिबूटी उत्पादन वा प्रशोधन कम्पनीले तोकेका सबै किसिमका जडिबूटी उत्पादन (प्रचलित कानूनले बन्देज लगाएका बाहेक) आदि ।

(ख) पशुपन्छीपालन :

( गाई, गोरु, भैंसी, रांगो, बंगुर, सुंगुर, खरायो, चौरी, याक, भेडा, बाख्रा, थुमा, खसी, वाच्छा(बाच्छी, पाडा(पाडी, घोडा, गधा, खच्चर र आर्थिक उपार्जनका लागि पालिने अन्य पशुहरु । ( कुखुरा, हांस, परेवा, लौकाट, बट्टांई र आर्थिक उपार्जन गर्नका लागि पालिने अन्य पन्क्षीहरु । ( व्यवसायिक रुपले गरिएको मत्स्यपालन, गौरीपालन, रेशम किरा पालन आदि ।

(ग) सिंचाई तथा सिंचाई उपकरण :

( कृषि उत्पादन वृद्धि गर्न सघाउ पुर्‍याउने गरी कृषकहरुले एक्लै वा सामूहिकरुपमा निर्माण गर्ने कुलो, नहर, नल, हातेनल, क्याप्टिभ जेनरेटर, स्प्रिंकलर, पम्पसेट, रोअर पम्प आदि ।

(घ) कृषि औजार वा सयन्त्र :

( थ्रेसर, ग्रिंडर, आधुनिक हलो, कुटो, कोदालो, कोदाली, हंसिया, खुर्पा, खन्ती, ट्याक्टर, ट्रेलर, आदि ।

(ब) वन विकास तथा चरन विकास :

( नर्सरी स्थापना र विकास, निजी एवं सामुदायिक वृक्षारोपण, वन विकासका लागि प्रयोग हुने मलखाद, कृषि वन प्रणालीको विकास र विस्तार, चरन विकास आदि ।

(च) जग्गा विकास र भू(संरक्षण :

( जमीन सुधार, तार(बार, जाली, पर्खाल आदि ।

)छ) प्रचलित कानूनले बन्देज गरिएका बाहेकका अन्य कृषि उत्पादनहरु तथा कृषिजन्य व्यवसायहरु ।

(२) उद्योग व्यवसाय :

हाते एवं खुट्टे तान, अर्धस्वचालित तान, वार्पिङ्ग, रङ्गाई, छपाई, सिलाई, बुनाई, राडी, पाखी, उनी गलैचा, पश्मिना, उनी पोशाक, सिकर्मी कार्य, काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य, वेत, बांस र निगालोका सामान तयार गर्ने कार्य, प्राकृतिक रेशाबाट विभिन्न वस्तुहरुको निर्माण कार्य, हाते कागज उत्पादन, सुन, चांदी, तामा, पित्तल, फलाम जस्ता धातुहरुको कार्य, गहना एवं मुर्ति बनाउने कार्य, मह, च्यूरी, अलैंची एवं चिया प्रशोधन कार्य, सेरामिक्स एवं कुमालेको पेशागत कार्य, छाला सम्बन्धी पेशागत कार्य र ट्यानिङ्ग छाला, हाड, सिङ्ग तथा ढुंगाबाट तयार हुने वस्तुहरुको उत्पादन, चित्रकला, कागजबाट बनेका सामान, धुप, पुतली, खेलौना र प्रचलित औद्योगिक व्यवसाय ऐनले परम्परागत घरेलु उद्योग भनी परिभाषा गरेका सम्पूर्ण उद्योगहरु ।

(३) सेवा व्यवसाय :

(क) स्वास्थ्य सम्बन्धी सेवा व्यवसायहरु : स्वास्थ्य परीक्षण प्रयोगशाला, प्राकृतिक तथा आयुर्वेद चिकित्सा केन्द्र आदि संचालन, शिशु स्याहार केन्द्र, औषधी पसल ।

(ख) पशुपन्छी सम्बन्धी चिकित्सा व्यवसायहरु : पशु चिकित्सा सम्बन्धी स्वास्थ्य परीक्षण तथा औषधी पसल, पशु आहारा खरिद बिक्री आदि ।

(ग) कृषि एवं औद्योगिक उत्पादन वृद्धिमा सघाउ पुर्‍याउने सेवा व्यवसायहरु : कृषि सामग्री, बेचबिखन, कृषि उपज बेचबिखन, औद्योगिक कच्चा पदार्थको खरिद बिक्री आदि ।

(घ) सीप एवं स्वरोजगारमूलक व्यवसायहरु : फोटोकपि, कम्प्युटर संचालन, मर्मतशाला (टेम्पो, बस, मिनीबस, माईक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, रिक्सा, रेडियो, फोटोकपी, कम्प्युटर, टि.भि., टेलिफोन,, घडी आदि), सिलाई, बुनाई, केश श्रृंगार, सिकर्मी, डकर्मीको सेवा, दैनिक उपभोगका सामान खरिद बिक्री, पुस्तक, स्टेशनरी एवं अन्य शैक्षिक सामग्रीको खरिद बिक्री, चिया तथा चमेना पसल, घरजग्गाको नक्शा तयार गर्ने, मूल्यांकन गर्ने, कानूनी सेवा, अनुसन्धान, परामर्श खानेपानी वितरण र सरसफाईसंग सम्बद्ध व्यवसायहरु नेपाली तथा राष्ट्रिय भाषामा चलचित्र निर्माण तथा प्रदर्शन, बाल(उद्यान, खेलकूद आदि ।

(ब) पर्यटन सम्बन्धी व्यवसायहरु : होटेल, मोटेल, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग,र्‍याफटिङ्ग आदि ।

(च) संचार सम्बन्धी व्यवसायहरु : टेलिफोन, फ्याक्स, ई(मेल(इन्टरनेट, भिडियो कन्फरेन्सिङ्ग, टेलिकन्फरेन्सिङ्ग आदि ।

(छ) यातायात सेवा सम्बन्धी व्यवसायहरु : रिक्सा, ठेलागाडा, एक्का (घोडा सहित) आदि ।

(ज) प्रचलित औद्योगि व्यवसाय सम्बन्धी कानूनले तोकेको अन्य सेवामूलक व्यवसायहरु ।

(४) अन्य व्यवसाय :

☐ मूल्य अभिबृद्धि हुने व्यवसाय : जस्तैः रेडियो, घडि, टेलिभिजन, कम्प्युटर, आधुनिक वत्ती, टर्च, लाइटर, इम्ब्राइडरी, तयारी पोशाक आदि ।

☐ सूचना प्रविधि : कम्प्युटर सफ्टवेयर एवं हार्डवेयर सम्बन्धी व्यवसाय ।

☐ विविध : खुद्रा पसल, आवास निर्माण, सौर्य बत्ती, धारा बाथरुम तथा शौचालय निर्माण ।

☐ प्रचलित कानूनले बन्देज लगाए बाहेकका अन्य व्यवसायहरु ।

(ग)- दलित समुदाय व्यवसाय विकास कर्जा :

नेपाल सरकारले दलित समुदायलाई सामूहिक जमानीमा उपलब्ध गराउने सहुलियतपूर्ण कर्जाका लागि योग्य व्यवसायहरु :(

१. परम्परागत बजाउनेबाजा निर्माण तथा खरिद गर्न,

२. सिलाई कटाई, सिलाई कटाई तालिम संचालन, सिलाई मेशिन खरिद गर्न,

३. परम्परागत आय आर्जनका पेशाहरु,

४. फलाम, कोइला आदि वस्तु खरिद बिक्री गर्न, आरन बनाउन चाहिने सामग्री खरिद तथा निर्माण गर्न, आरनको लागि यन्त्रशाला निर्माण गर्न,

५. जुत्ता बनाउनको लागि चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता, चप्पल, व्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवं प्रशोधन र उत्पादित वस्तुहरु बिक्री गर्न,

६. परम्परागत सुन चांदीका गहना एवं भांडाकुंडा बनाउने पसल तथा सोसंग सम्बन्धित कालीगढ सेवा,

७. सरसफाई पेशाको लागि चाहिने सामानहरु खरिद गर्न,

८. आफ्नो पुख्यौली पेशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरिद गर्न, वस्तु तथा सेवा बिक्री गर्न, व्यवसायको लागि सामूहिक यन्त्रशाला निर्माण गर्न,

९. नेपाल सरकारले समय समयमा तोकेको अन्य पेशाहरु ।

(घ) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा : आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरुलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनका लागि कर्जाका लागि योग्य क्षेत्रहरु :(

१. नेपाल सरकारले तोकिदिएको बिषयका उच्च शिक्षा,

२. स्वास्थ्यसंग सम्बन्धित बिषयहरु एम.वि.वि.एस., आयुर्वेद चिकित्सा, बि.डि.एस., बि.पि.एच., फार्मेसी, नर्सिङ्ग लगायतका स्नातक वा सो भन्दा माथिल्लो तहका बिषयहरु,

३. इन्जिनियरिङ्गसंग सम्बन्धित बिषयहरु जस्तै : सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, जियोमेट्रिक, मेकानिकल, कम्प्युटर आदिका स्नातक वा सो भन्दा माथिल्लो तहका बिषयहरु,

४. पशु विज्ञानसंग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

५. कृषि विज्ञानसंग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

६. अन्य प्राविधिक विषयहरुसंग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु । “सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५” बमोजिमको

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५

२०७५ मार्ग

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५

प्रस्तावना : नेपाल सरकारले कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न, शिक्षित बेरोजगार युवाहरुलाई मुलुकभित्र रोजगारीका अवसरहरु श्रृजना गर्न, विदेशवाट फर्केका युवाहरुलाई विदेशमा आर्जन गरेको सीप र व्यवसायिक दक्षता उपभोग गर्दै उनीहरुलाई स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवं प्रवर्धन गरी उद्यमशीलता विकास गर्न, आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरुलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि शैक्षिक ऋृण उपलव्ध गराउन, लघु वीमा प्रिमियममा अनुदान दिन तथा भूकम्प पीडितहरुको निजी आवास निर्माणको लागि समेत सहुलियतपूर्ण कर्जा उपलव्ध गराउन वाञ्छनिय भएकोले नेपाल सरकार (मन्त्रिपरिषद) ले कार्यविधि बनाई लागू गरेको व्यहोरा नेपाल राष्ट्र बैंकको पत्र संख्या बैं.वि.नि.वि. नीति/परिपत्र/कखग/६/०७५/७६ मिति २०७५।०६।११ को निर्देशनात्मक परिपत्रबाट जानकारी भएको ।

उक्त कार्यविधि कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले प्रचलित कानून, नेपाल राष्ट्र बैंकको नियमन र निर्देशनको परिधिभित्र रही यस्तो कर्जाको लगानी तथा असुली सम्वन्धमा स्पष्ट नीति र प्रक्रिया बनाई लागू गर्नुपर्ने भनी निर्देशात्मक परिपत्र जारी भएको सन्दर्भमा माथि उल्लेखित व्यवसायको लागि यस बैंकवाट प्रदान गरिने कर्जाको सम्वन्धमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १३३ (२) (ज) द्वारा प्रदत्त अधिकार प्रयोग गरी "राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, संचालक समितिले **"राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान सम्वन्धी एकीकृत कार्यविधि, २०७५"** तर्जूमा गरी जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान सम्वन्धी एकीकृत कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाष : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अनुदान सोधभर्ना खाता" भन्नाले यस कार्यविधि बमोजिम अनुदान स्वरुप प्रदान गरिने व्याज, कर्जा सुरक्षण शुल्क तथा बीमा प्रिमियम रकम उपलव्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राष्ट्र बैंकबाट संचालन गर्न खोलिएको खाता सम्झनु पर्छ।

(ख) "उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा" भन्नाले माध्यमिक शिक्षा वा सो सरह उत्तिर्ण गरी २५ वर्ष उमेर ननाघेको नेपाली नागरिकलाई प्रवाह गरिने कर्जा सम्झनु पर्छ।

(ग) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम स्थापित कम्पनी सम्झनु पर्छ।

(घ) "दलित समुदाय" भन्नाले गाउंपालिका वा नगरपालिकाले दलित जात भनी सिफारिस गरेको जनजाति सम्झनु पर्छ।

(ङ) "दलित समुदाय व्यवसाय विकास कर्जा" भन्नाले दलित समुदायलाई समूहमा वा एकल रुपमा प्रवाह गरिने कर्जा सम्झनु पर्छ।

(च) "निवेदक वा ऋृणी" भन्नाले अनुसूची-१ मा उल्लेखित व्यवसाय संचालन गरिरहेका वा गर्ने व्यक्ति, समूह, संस्था वा कम्पनी, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनका लागि कर्जा लिन इच्छुक विद्यार्थी तथा भूकम्प पीडित सम्झनु पर्छ।

(छ) "बैंक" भन्नाले राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय तथा शाखा कार्यालयलाई समेत सम्झनु पर्छ।

(ज) "भण्डारण" भन्नाले स्वदेशमा कुनै पनि प्राथमिक कृषि उपज (तरकारी, फलफूल, जडिबुटी, दुग्ध पदार्थ तथा माछामासु आदि) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनु पर्छ र सो शव्दले स्वदेशमा यस्ता प्राथमिक कृषि उपज खरिद गरी भण्डारण गर्ने कार्य सम्झनु पर्छ।

(झ) "भूकम्प पीडित" भन्नाले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसंग निजी आवास निर्माण गर्न सम्झौता गरी आर्थिक अभावका कारण हालसम्म आवास निर्माण शुरु गर्न नसकेका भूकम्प पीडित व्यक्ति सम्झनु पर्छ।

(ञ) "महिला उद्यमशीलता कर्जा" भन्नाले महिलालाई एकल वा सामूहिक रुपमा उद्यमशील बन्न प्रवाह हुने कर्जा सम्झनु पर्छ।

(ट) "वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा" भन्नाले श्रम स्वीकृति प्राप्त गरी वा नगरी कुनै पनि देशमा कम्तीमा छ महिना सम्बन्धित तालिम/पेशा/व्यवसाय/क्षेत्रमा काम गरी नेपाल फर्केको तीन वर्ष ननाघेको युवाहरुलाई प्रवाह हुने कर्जा सम्झनु पर्छ।

(ठ) "विपन्न वर्ग कर्जा" भन्नाले नेपाल राष्ट्र बैंकले विपन्न वर्ग कर्जा भनी तोकेको कर्जालाई सम्झनु पर्छ।

(ड) "व्यवसाय वा उद्यम" भन्नाले यस कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पूंजी लगानी गरी गरिएको कार्य सम्झनु पर्छ।

(ढ) "व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा" भन्नाले व्यवसायिक रुपमा गरिएको कृषि तथा पशुपन्छीजन्य व्यवसायका लागि प्रवाह भएको वा हुने कर्जा सम्झनु पर्छ।

(ण) "समूह" भन्नाले फरक परिवारका कम्तीमा पांच जना सदस्य १८ वर्ष उमेर पूरा भएका व्यक्तिहरु मिलेर गठन गरेको समूह सम्झनु पर्छ।

(त) "सहुलियतपूर्ण कर्जा" भन्नाले अनुसूची-१ मा उल्लिखित व्यवसायमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह भएको वा हुने कर्जामा नेपाल सरकारले यस कार्यविधि बमोजिम ब्याज अनुदान सुविधा उपलब्ध गराउने कर्जा सम्झनु पर्छ।

(थ) "सामूहिक जमानी" भन्नाले समूहको सामूहिक उत्तरदायित्वमा प्रवाह गरेको कर्जा भुक्तानीको लागि समूहका सबै सदस्यले दिने संयुक्त जमानी सम्झनु पर्छ।

(द) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापित फर्म, सहकारी संस्था, घरेलु उद्योग वा लघु उद्यमको रुपमा दर्ता भएको व्यवसाय सम्झनु पर्छ।

(ध) "शिक्षित युवा स्वरोजगार कर्जा" भन्नाले कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण युवाहरुलाई यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जा सम्झनु पर्छ।

(न) "केन्द्रीय समन्वय तथा अनुगमन समिति" भन्नाले नेपाल सरकारद्वारा जारी गरिएको सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ को दफा २० बमोजिम गठित समिति सम्झनु पर्छ।

(प) "मूल कार्यविधि" भन्नाले नेपाल सरकारद्वारा जारी गरिएको सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ सम्झनु पर्छ।

(फ) "कार्यविधि" भन्नाले राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ सम्झनु पर्छ।

(ब) "संचालक समिति" भन्नाले राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको संचालक समिति सम्झनु पर्छ।

## परिच्छेद २

## कर्जाका प्रकार, सीमा, भुक्तानी, अवधि, व्याजदर तथा शर्त

३. कर्जाका प्रकार र सीमा : (१) यस कार्यविधि बमोजिम लक्षित ऋणीलाई व्याज अनुदान प्राप्त हुने गरी बैंकले देहाय बमोजिमका सहुलियतपूर्ण कर्जा प्रवाह गर्नेछ र यस्ता कर्जाको प्रति ऋणी अधिकतम सीमा देहाय बमोजिम हुनेछ :-

(क) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा पांच करोड रुपैयाँसम्म,

(ख) शिक्षित युवा स्वरोजगार कर्जा सात लाख रुपैयाँसम्मे,

(ग) विदेशवाट फर्केका युवा परियोजना कर्जा दश लाख रुपैयाँसम्म,

(घ) महिला उद्यमशील कर्जा पन्ध्र लाख रुपैयाँसम्म,

(ङ) दलित समुदाय व्यवसाय विकास कर्जा दश लाख रुपैयाँसम्म,

(च) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा पाँच लाख रुपैयाँसम्म,

(छ) भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जा तीन लाख रुपैयाँसम्म।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम प्रदान गरिने कर्जाको सीमा प्रति ऋणी पाँच करोड रुपैयाँ भन्दा बढी भएमा केन्द्रीय समन्वय तथा अनुगमन समिति समक्ष स्वकृतिका लागि पेश गर्नु पर्नेछ। समितिले परियोजनाको आवश्यकता तथा औचित्यताको आधारमा उक्त सीमा भन्दा बढी पाँच करोड रुपैयाँसम्म कर्जा प्रवाह गर्न स्वीकृति दिन सक्नेछ।

४. कर्जा भुक्तानी अवधि : (१) यस कार्यविधि बमोजिम व्याज अनुदान दिइने कर्जाको भुक्तानी अवधि ग्रेस अवधि भएमा सो सहित बढीमा पाँच वर्षको हुनेछ।व्यवसाय संचालनमा रहेका अवस्थामा चालु पूंजी कर्जा वार्षिक रुपमा नविकरण गर्न सकिने छ। यस्तो कर्जाको अवधि व्यवसायको प्रकृति अनुसार तोक्न सकिनेछ।

(२) यस्तो कर्जाको भुक्तानी प्रयोजनको लागि बैंकले कर्जाको प्रकार, रकम, उद्देश्य र जोखिमको स्तर लगायतका आधारमा किस्ता भुक्तानी अवधि निर्धारण गर्नेछ।

५. व्याजदर एवम् शर्त : (१) नेपाल सरकारले व्याज अनुदान उपलब्ध गराउने कर्जामा बैंकले आफ्नो आधार दरमा दुई प्रतिशत विन्दु भन्दा बढी नहुने गरी व्याजदर कायम गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर्जाको व्याज भन्दा बाहेक अन्य कुनै पनि प्रकारको थप सेवा शुल्क लिन पाईने छैन ।

परिच्छेद ३

धितो, कर्जा सुरक्षण तथा व्यवसायको बीमा सम्वन्धी व्यवस्था

६. धितो सम्वन्धी व्यवस्था : (१) बैंकले व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा प्रवाह गर्दा दश लाख रुपैयाँसम्म सामुहिक जमानीका आधारमा र त्यस भन्दा बढी व्यवसायिक परियोजना धितो वा थप धितो वा दुबै धितो लिई कर्जा प्रवाह गर्न सक्नेछ । यस्तो कर्जा प्रवाह गर्दा परियोजनाको सम्भाव्यतालाई मूख्य आधारको रुपमा लिनु पर्नेछ ।

(२) उच्च शिक्षा हासिल गरेका युवालाई प्रदान गरिने शिक्षित युवा स्वरोजगार कर्जाको लागि बैंकले निवेदनको सक्कल शैक्षिक प्रमाणपत्र धितो स्वरुप राख्नेछ ।

(३) विदेशबाट फर्केका युवाहरुलाई उनीहरुमा रहेको ज्ञान तथा सीपसंग सम्बन्धित व्यवसाय संचालन गर्न परियोजना धितोमा लिई बैंकले वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा प्रवाह गर्नेछ ।

(४) बैंकले महिला उद्यमशीलता विकासको लागि प्रदान गरिने महिला उद्यमशीलता कर्जा एकल वा सामूहिक जमानीमा उपलव्ध गराउनेछ ।

(५) बैंकले दलित समुदायको परम्परागत सीप र पेशलाई आधुनिकीकरण एवं प्रवर्द्धन गर्नका लागि प्रदान गरिने दलित समुदाय व्यवसाय विकास कर्जा एकल वा सामूहिक जमानीमा उपलव्ध गराउनेछ ।

(६) महिला उद्यमशीलता विकासको लागि प्रदान गरिने कर्जा, सामूहिक जमानीमा प्रदान गरिने दश लाख रुपैयाँसम्मको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा र दलित समुदायलाई प्रदान गरिने कर्जाको सुरक्षण देहाय वमोजिम हुनेछ :-

(क) ऋणीले संचालन गरेको उद्यम,

(ख) ऋणीको कर्जा सम्वन्धी कागजात,

(ग) सामूहिक जमानीको हकमा सो सम्वन्धी कागजात ।

(७) बैंकले भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जा सामूहिक वा धितो जमानीमा प्रवाह गर्नेछ ।

(८) सामूहिक जमानीमा प्रवाह भएको कर्जासंग सम्बन्धित समूहको कुनै सदस्य काबु बाहिरको परिस्थिति उत्पन्न भई वा नियतवश उक्त समूहमा आबद्ध रहिरहन नसक्ने स्थिति भएमा निजले आफ्नो हिस्सा बराबरको सांवा तथा व्याज स्वयं चुक्ता गर्ने वा समूहका बांकी सदस्यहरुले बैंकबाट लिएको कर्जा नियमानुसार चुक्ता गर्ने थप प्रतिबद्धताको कागज गरी पेश गर्नु पर्नेछ ।

**(९) सबै किसिमको कर्जाको लागि कर्जा सिमालाई खाम्ने गरी ऋणीको एकाघर परिवारको व्यक्तिगत जमानत लिनु पर्नेछ ।**

७. कर्जा सुरक्षण सम्बन्धी व्यवस्था : (१) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाको सुरक्षण सम्वन्धमा बैंकको कर्जा निर्देशिका २०६० (संशोधन सहित), प्रचलित कानून, नेपाल राष्ट्र बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषको नियमन र निर्देशनको परिधि भित्र लागू हुनेछ ।

(२) यस कार्यविधि बमोजिम बैंकले प्रवाह गर्ने वा गरेको दश लाख रुपैयां भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको हकमा देहाय बमोजिम कर्जा सुरक्षण गर्नु पर्नेछ ।

(क) यस उपदफा बमोजिमका कर्जाको हकमा त्यस्तो कर्जा निक्षेप तथा कर्जा सुरक्षण कोषबाट अनिवार्य सुरक्षण गराउनु पर्नेछ । यसरी कर्जा सुरक्षण गर्दा बैंकले २५ प्रतिशत व्यहोर्नु पर्नेछ र बांकी ७५ प्रतिशत शुल्क नेपाल राष्ट्र बैंकमा रहेको अनुदान सोधभर्ना खाता मार्फत बैंकलाई भुक्तानी सोधभर्ना गर्नेछ ।

(ख) दफा ४ बमोजिमको अवधि समाप्त भएको छ महिनाभित्र ऋणीले कर्जा चुक्ता नगरेमा वा किस्ता रकम भुक्तानी नगरेमा वा उपभोग गरेको कर्जा दुरुपयोग गरेमा वा कर्जा निष्क्रिय वर्गमा वर्गिकरण भएमा वा व्यवसाय वन्द गरेमा वा ऋणी बैंकको सम्पर्कमा नआएमा दफा १६ बमोजिमको कारवाही प्रक्रिया पूरा गरी बैंकले निक्षेप तथा कर्जा सुरक्षण कोषमा दावी गर्नेछ ।

८. व्यवसायको बीमा सम्बन्धी व्यवस्था : (१) बैंकले व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा अन्तर्गत व्यवसायिक परियोजना धितो लिई कर्जा प्रवाह गर्दा परियोजनाको बीमा गर्नु पर्नेछ ।

(२) व्यवसायिक कृषि तथा पशुपन्छी बीमा सम्बन्धमा यस बैंकको कर्जा नीति अनुसार हुनेछ ।

(३) यस कार्यविधि बमोजिम बैंकले प्रवाह गर्ने वा गरेको दश लाख रुपैयां भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको हकमा देहाय बमोजिम परियोजना/व्यवसायिक बीमा गर्नु पर्नेछ :-

(क) यस उपदफा बमोजिमका कर्जासंग सम्बन्धित परियोजना/व्यवसायको अनिवार्य बीमा गर्नु पर्नेछ । बीमा गराउदा व्यवसायीसंग २५ प्रतिशत मात्र बीमा प्रिमियम लिई बीमा गर्नु पर्नेछ । बांकी ७५ प्रतिशत बीमा प्रिमियम नेपाल राष्ट्र बैंकमा रहेको अनुदान सोधभर्ना खाताबाट बीमा समिति मार्फत सम्बन्धित बीमा कम्पनीलाई सोधभर्ना गरिनेछ ।

(ख) खण्ड (क) बमोजिम बीमा गरिएको व्यवसायमा क्षति भई सोको क्षतिपूर्तिका लागि दावी पर्न आएमा बीमामा हितग्राही बैंक हुनु पर्नेछ । क्षतिपुर्ती प्राप्त रकम कर्जाको सावा, व्याज तथा बैंकको लेना असुल गरी बाकी रकम व्यवसायीलाई उपलब्ध गराउन सकिनेछ । **व्यवसायीले व्यवसायको निरन्तरता दिन चाहेमा दावी प्राप्त रकम बैंक नियमानुसार व्यवसाय संचालन गर्न ऋणीलाई दिन सक्नेछ ।**

९. कारवाहीका लागि सिफारिस गर्न सक्ने : (१) ऋणीले दफा ४ बमोजिमको अवधिभित्र कर्जा चुक्ता नगरेमा वा कर्जाका शर्तहरु पालना नगरेमा बैंकले यस कार्यविधिको परिच्छेद-८ मा उल्लेख भएबमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

(२) कर्जा प्रवाह गर्ने बैंकले यस्ता सुविधा रोक्का गर्न अनुरोध गरेमा सम्बन्धित निकायले त्यस्ता ऋणीको सुविधा रोक्का राख्नु पर्नेछ ।

## परिच्छेद-४

## कर्जाका लागि योग्यता एवं शर्त सम्बन्धी व्यवस्था

१०. योग्यता एवं शर्त : (१) यस कार्यविधि बमोजिम बैंकले प्रवाह गर्ने कर्जा प्राप्त गर्न स्थायी लेखा नं. (PAN) प्रमाणपत्र लिएको र कर्जा सूचना केन्द्रको कालोसूची एवं परिच्छेद-८ अनुसारको कारवाहीमा नपरेको नेपाली नागरिकले देहाय बमोजिमको न्यूनतम योग्यता एवं शर्त पूरा गरेको हुनु पर्नेछ :-

(क) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा :

(१) व्यक्तिगत हकमा १८ वर्ष उमेर पूरा भएको,

(२) दश लाख रुपैयां भन्दा कमको सामूहिक जमानी कर्जाको हकमा कर्जा जमानी सम्वन्धी कागजात,

(३) दश लाख रुपैयां भन्दा बढीको कर्जाको लागि अनिवार्य रुपमा संस्था र एक करोड रुपैयां भन्दा बढीको कर्जाको लागि अनिवार्य रुपमा कम्पनी हुनुपर्ने,

तर, यस अघि बैंकले प्रवाह गरेको कर्जा नविकरण गर्न यस व्यवस्थाले बाधा पुर्याउने छैन ।

(४) संस्था वा कम्पनीको हकमा नेपाली नागरिकको शतप्रतिशत शेयर स्वामित्व रहेको,

(५) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

तर, दश लाख रुपैयां भन्दा बढीको कर्जाको लागि ऋणीको विस्तृत परियोजना प्रस्ताव ।

(ख) शिक्षित युवा स्वरोजगार कर्जा :

(१) कम्तीमा स्नातक तह उत्तीर्ण भएको र ४० वर्ष उमेर ननाघेको,

(२) विदेशी विश्वविद्यालयबाट शैक्षिक योग्यता हासिल गरेकाको हकमा नेपालको कुनै विश्वविद्यालयबाट समकक्षता सम्बन्धमा प्रकाशित सार्वजनिक सूचीमा निज अध्ययन गरेको विश्वविद्यालय समावेश भएको,

(३) घरेलु तथा साना उद्योग कार्यालय/समिति, सीप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, लगायतका सरकारी निकायहरुबाट कम्तीमा ७ दिनको उद्यम वा व्यवसाय गर्ने सीप विकास तालिम अनिवार्य रुपमा लिएको वा उक्त कर्जा स्वीकृत भएपछि त्यस्तो संस्थामा सीप विकास तालिम लिएको प्रमाण पेश गरेको,

(४) उद्यम संचालन तथा कर्जा उपयोग सम्वन्धी संक्षिप्त प्रस्ताव ।

(ग) वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा :

(१) श्रम स्वीकृति प्राप्त गरी वा नगरी कुनै पनि देशमा कम्तीमा ६ महिना सम्वन्धित तालिम/पेशा/व्यवसाय/क्षेत्रमा काम गरी स्वदेश फर्केको ।

(तर कुनै पनि देशको स्थायी बसोबासको स्वीकृति प्राप्त (PR/Green Card Holder) व्यक्तिलाई यस्तो कर्जा प्रदान गरिने छैन ।

(२) उद्यम संचालन तथा कर्जा उपयोग सम्वन्धी संक्षिप्त प्रस्ताव ।

(३) विदेशबाट फर्केको ३ वर्ष व्यतित नभएको ।

(घ) महिला उद्यमशीलता कर्जा :

(१) १८ वर्ष उमेर पूरा भएको महिला वा समूहको हकमा फरक परिवारका कम्तीमा पांच जना १८ वर्ष उमेर पूरा भएका महिला,

(२) उद्यम संचालन तथा कर्जा उपयोग सम्वन्धी संक्षिप्त प्रस्ताव,

(३) समूहको हकमा सामूहिक जमानी सम्वन्धी कागजात ।

(ङ) दलित समुदाय व्यवसाय विकास कर्जा :

(१) दलित जात-जातिभित्रको १८ वर्ष उमेर पूरा भएको वा समूहको हकमा उक्त जात-जातिभित्रका फरक परिवारका कम्तीमा पांच जना १८ वर्ष उमेर पूरा भएको,

(२) उद्यम संचालन तथा कर्जा उपयोग सम्वन्धी संक्षिप्त प्रस्ताव,

(३) समूहको हकमा सामूहिक जमानी सम्बन्धी कागजात ।

(च) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा :

(१) माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरी २५ वर्ष उमेर ननाघेको,

(२) आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय वा लक्षित वर्गको विद्यार्थी,

(३) स्वदेशको कुनै कलेज वा विश्वविद्यालयमा अध्ययन गरिरहेको वा गर्ने ।

(छ) भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जा :

(१) नेपाल सरकारले निजी आवास अनुदान दिए बाहेक अरु संस्थागत अनुदान नपाएको,

(२) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसंग निजी आवास निर्माण गर्न सम्झौता गरी आर्थिक अभावका कारण हालसम्म आवास निर्माण कार्य शुरु गर्न नसकेका भूकम्प पीडित,

)३) ऋृणी वा निजको परिवारको नाममा कुनै पनि स्थानमा वस्न योग्य घर नभएको,

(४) बैंकले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा भूकम्प पीडित, बाढी पीडित तथा विपद् प्रभावित नागरिकहरुलाई पहिलो प्राथमिकता दिनेछ ।

(५) बैंकले यस कार्यविधि बमोजिम भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जा प्रवाह गर्दा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आवास निर्माण सम्पन्न गर्न तोकिएको अवधिभित्र कर्जा लिई सक्नु पर्नेछ ।

(६) यस कार्यविधि बमोजिम प्रदान गरिने सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान प्राप्त गर्न ग्राह्य निवेदकलाई कुनै एक प्रकारको कर्जा मात्र उपलव्ध हुनेछ ।

(७) यस कार्यविधि बमोजिम कर्जा लिने निवेदकले नेपाल सरकारले व्याज अनुदान उपलव्ध प्रदान गर्ने प्रकृतिका अन्य कुनै पनि कर्जा लिएको हुनु हुदैन् ।

परिच्छेद-५

## कर्जाका लागि आवश्यक कागजात, स्वःघोषणा तथा कर्जा निर्णय सम्बन्धी व्यवस्था

११. आवश्यक कागजात र स्वःघोषणा : यस कार्यविधि बमोजिम बैंकले प्रवाह गर्ने कर्जा प्राप्त गर्न देहाय बमोजिमका कागजात पेश र स्वःघोषणा गर्नु पर्नेछ :-

(क) अनुशुची २ बमोजिमको कर्जा आवेदन फाराम,

(ख) प्रचलित कानून बमोजिम दर्ता भएको व्यवसाय तथा स्थायी लेखा नं. (PAN) प्रमाण पत्रको प्रतिलिपि,

(ग) नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(घ) उद्यम संचालन तथा कर्जा उपयोग सम्वन्धी संक्षिप्त प्रस्ताव, महिला उद्यमशीलता कर्जा बाहेक दश लाख रुपैयां भन्दा बढीको कर्जाको हकमा विस्तृत परियोजना प्रस्ताव,

(ङ) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको स्वःघोषणा,

(च) सामूहिक जमानीको हकमा सामूहिक जमानी सम्बन्धी कागजात,

(छ) शिक्षित युवा स्वरोजगार कर्जाको हकमा शैक्षिक प्रमाण पत्रको सक्कल प्रति र दफा १०(१) को खण्ड (ख)(३) बमोजिम सीप विकास तालिम लिएको प्रमाण पत्रको प्रतिलिपि,

(ज) वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जाको हकमा राहदानी, प्रवेशाज्ञाको प्रतिलिपि तथा श्रम स्वीकृति प्राप्त भएको देशबाट फर्केकाको हकमा सोको प्रतिलिपि, निवेदक विदेशमा गई कम्तीमा ६ महिना सम्बन्धित तालिम/पेशा/व्यवसाय/क्षेत्रमा काम गरेको कागजात र कुनै पनि देशको स्थायी बसोबासको स्वीकृति प्राप्त (PR/Green Card Holder) व्यक्ति नभएको स्वःघोषणा,

(झ) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जाको हकमा आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय वा लक्षित वर्गको विद्यार्थी भएको सिफारिस र अध्ययन गर्ने शैक्षिक संस्था/प्रतिष्ठानमा भर्ना भएको वा हुन योग्य रहेको खुल्ने कागजातको प्रतिलिपि,

(ञ) भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जाका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसंग सम्झौता गरी आर्थिक अभावका कारण हालसम्म आवास निर्माण कार्य शुरु गर्न नसकेका भूकम्प पीडितको कागजातको प्रतिलिपि र धितोको हकमा सो सम्बन्धी कागजात ।

(ट) कर्जा प्रवाह गर्नु पूर्व कर्जा सिमालाई खाम्ने गरी ऋणीको एकाघर परिवारको व्यक्तिगत जमानत ,

(ठ) नेपाल सरकारले व्याज अनुदान उपलब्ध गराउने यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रकारका कर्जामा अन्य कुनै पनि बैंक तथा वित्तिय संस्थाबाट कर्जा नलिएको स्व–घोषणा ।

१२. कर्जा निर्णय सम्बन्धी व्यवस्था : (१) यस कार्यविधि बमोजिम अनुदान लिन चाहने व्यक्तिले आवश्यक पर्ने सम्पूर्ण कागजात सहित बैंकमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा आवश्यक सम्पूर्ण कागजात सहित कर्जा आवेदन प्राप्त भएको मितिले एक्काईस कार्य दिनभित्रमा बैंकले कर्जा स्वीकृत हुने वा नहुने सम्बन्धी निर्णय गरी सक्नु पर्नेछ ।

(३) कर्जा प्रवाह गर्न नसकिने भएमा स्पष्ट आधार र कारण सहित सम्बन्धित निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

## परिच्छेद-६

## व्याज, बीमा प्रिमियम र सुरक्षण शुल्क अनुदान, शर्त तथा वितरण प्रक्रिया सम्बन्धी व्यवस्था

१३. अनुदान सुविधा तथा शर्त सम्बन्धी व्यवस्था : (१) यस कार्यविधि बमोजिमका लक्षित ऋृणीलाई बैंकले प्रवाह गर्ने कर्जाको हकमा नेपाल सरकारबाट देहाय बमोजिमको अनुदान सुविधा उपलव्ध हुनेछ :-

(क) बैंकले दिने कर्जामा निर्धारण गरेको व्याज दर मध्ये ५ प्रतिशत व्याज अनुदान सुविधा उपलव्ध हुनेछ । महिला उद्यमशीलता कर्जाका हकमा यो अनुदान ६ प्रतिशत उपलव्ध हुनेछ । तर पांच करोड रुपैयां भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा २ प्रतिशत मात्र व्याज अनुदान उपलव्ध गराईनेछ ।

(ख) कर्जा सुरक्षण शुल्क अनुदानमा दश लाख रुपैया भन्दा बढी व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाहरुको बैंकले निक्षेप तथा कर्जा सुरक्षण कोष मार्फत सुरक्षण गराउंदा लाग्ने ७५ प्रतिशत अनुदान उपलव्ध हुनेछ ।

(ग) बीमा प्रिमियम अनुदान दश लाख रुपैयां भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जा लिई गरिने व्यवसायको बीमा प्रिमियममा ७५ प्रतिशत अनुदान उपलव्ध हुनेछ ।

(२) उपदफा (१) बमोजिमको व्याज अनुदान सुबिधा यो कार्यविधि लागू भएपछि कर्जा लिने ऋृणीलाई मात्र उपलव्ध हुनेछ । व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाको हकमा व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ बमोजिम प्रवाहित कर्जामा समेत यो सुबिधा उपलव्ध गराइनेछ ।

(३) ऋणीले पाउने व्याज अनुदान सुविधा बाहेक अन्य सम्पूर्ण व्याज रकम, सुरक्षण शुल्क र बीमा प्रिमियम बैंक, निक्षेप तथा कर्जा सुरक्षण कोष र सम्बन्धित बीमा कम्पनीलाई भुक्तानी गरेपछि मात्र व्याज अनुदान सुविधाका लागि योग्य मानिनेछ ।

(४) जुन उद्देश्यको लागि कर्जा लिएको हो सोही उद्देश्यका लागि मात्र कर्जा उपयोग गर्नु पर्नेछ ।

(५) बैंकले अनुगमन गर्दा कर्जा सदुपयोग भएको नपाईएमा व्याज अनुदान सुविधा उपलब्ध नगराइने र व्याज अनुदान सुबिधा लिइसकेको भए सम्बन्धित ऋणीबाट असुलउपर गरिनेछ ।

१४. अनुदान रकमको बितरण प्रक्रिया : (१) यस कार्यविधि बमोजिम अनुदान स्वरुप प्रदान गरिने व्याज, कर्जा सुरक्षण शुल्क तथा बीमा प्रिमियम रकम उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राष्ट्र बैंकबाट संचालन हुने गरी बैंकिंग कार्यालयमा अनुदान सोधभर्ना नामको खाता खोल्नेछ ।

(२) उपदफा (१) बमोजिमको खातामा नेपाल सरकार, अर्थ मन्त्रालयले एक अर्ब रुपैयां अग्रीम जम्मा गर्नेछ । उक्त रकमले नपुग हुने भएमा केन्द्रीय समन्वय तथा अनुगमन समितिको सिफारिसमा नेपाल सरकार, अर्थ मन्त्रालयले थप रकम उपलब्ध गराउनेछ ।

(३) बैंकले यस कार्यविधि बमोजिम प्रवाह गरेको कर्जाको व्याज अनुदान प्राप्त गर्न कर्जा उपयोगको आधारमा ऋणीले नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जा रकम भुक्तानी गरेको प्रमाण सहित त्रैमासिक रुपमा नेपाल राष्ट्र बैंकले तोकेको ढांचामा उक्त बैंकमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन तथा मागका आधारमा नेपाल राष्ट्र बैंकले बैंकलाई व्याज वापत अनुदान रकमको सोधभर्ना अनुदान सोधभर्ना खाताबाट दिनु पर्नेछ ।

## परिच्छेद-७

## सहुलियतपूर्ण कर्जा प्रवाह तथा अनुदान वितरणमा बैंकको काम, कर्तव्य र अधिकार

१५. बैंकको काम, कर्तव्य र अधिकार : यस कार्यविधिको कार्यान्वयन गर्नका लागि बैंकको काम, कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछः-

(क) निवेदकले यस कार्यविधि बमोजिम कर्जाको लागि निवेदन दिएमा बैंकले कर्जाको प्रकार, उद्देश्य, माग रकम, जोखिमको स्तर, सुरक्षण, बीमा लगायत परियोजनाको संभाव्यता तथा कर्जाको सदुपयोग हुने आधारमा कर्जा प्रवाह गर्ने । कर्जा प्रवाह गर्न नसकिने भएमा स्पष्ट आधार र कारण सहित सम्वन्धित निवेदकलाई लिखित जानकारी दिने,

(ख) कर्जामा व्याज अनुदान रकम प्राप्त गर्नका लागि नेपाल राष्ट्र बैंकले तोकेको (अनुसुची ३ बमोजिमको) ढांचामा ऋणीले अनुदान पाउने व्याज रकम बाहेक अरु व्याज रकम असुल गरेको प्रमाण सहित नेपाल राष्ट्र बैंकसंग सोधभर्ना माग गर्ने,

(ग) खण्ड (क) बमोजिम व्याज अनुदान प्राप्त हुने गरी प्रदान गरिएको कर्जाको त्रैमासिक बिवरण नेपाल राष्ट्र बैंकले तोकेको (अनुसुची ४ बमोजिमको) ढांचामा १५ दिनभित्र नेपाल राष्ट्र बैंकलाई उपलव्ध गराउने,

(घ) कर्जाको प्रकार, उद्देश्य, लगानी रकम, जोखिमको स्तर एवं आवश्यकतानुसार सदुपयोगिता निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गरी राख्ने ।

## परिच्छेद (८)

## कारवाही सम्बन्धी व्यवस्था

१६. कर्जा चुक्ता नगरेमा हुने कारवाही : (१) ऋणीले दफा ४ बमोजिम कर्जा चुक्ता नगरेमा बैंकले देहाय बमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ :-

(क) ऋणीलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न,

(ख) ऋणीको राहदानी रोक्का राख्न,

(ग) ऋणीको नाममा रहेको कुनै चल अचल सम्पत्ति बिक्री गर्न बन्देज लगाउनका लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(घ) ऋणीको बैंक तथा वित्तीय संस्थाहरुमा रहेको खाता रोक्का गर्न,

(ङ) नेपाल सरकारबाट उपलव्ध गराउने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य नागरिक सुविधाबाट बन्चित गर्न ।

(२) कर्जा प्रवाह गर्ने बैंकले यस्ता सुविधा रोक्का गर्न अनुरोध गरेमा सम्बन्धित निकायले त्यस्ता ऋणीको सुबिधा रोक्का राख्नु पर्नेछ ।

## परिच्छेद(९)

### विविध

१७. कर्जा वर्गीकरण तथा जोखिम सम्बन्धी अन्य व्यवस्था : (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कर्जाहरुको वर्गीकरण नेपाल राष्ट्र बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेख गरिएका बिषय बाहेक अन्य विषयमा प्रचलित कानून, बैंकको कर्जा असुली कार्यविधि २०७१, नेपाल राष्ट्र बैंक, बीमा समिति तथा निक्षेप तथा कर्जा सुरक्षण कोषको नियमन र निर्देशनको परिधिभित्र रही यस्तो कर्जाको लगानी, अनुगमन, सुरक्षण, बीमा तथा असुली सम्बन्धमा यस बैंकको व्यवस्थापकीय कर्जा समितिले नीति र प्रक्रिया बनाई लागु गर्न सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयां भन्दा माथिको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जालाई विपन्न वर्ग कर्जा अन्तर्गत गणना गरिने छ ।

(४) सामूहिक जमानीमा मात्र प्रवाह भएको कर्जाको हकमा अतिरिक्त जोखिम व्यवस्था गर्नुपर्ने छैन ।

(५) ऋणीले सांवा व्याज नियमित गरेका अवस्थामा बैंकले नेपाल सरकारवाट पाउनु पर्ने व्याज अनुदान रकम समेत सोही अवधिको व्याज आम्दानीमा गणना गर्न सक्नेछ ।

(६) नेपाल सरकारवाट पाउनुपर्ने व्याज अनुदान वापतको यस्तो रकमलाई पूंजी कोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शून्य प्रतिशत जोखिम भार प्रदान गरिने छ ।

१७. गुनासो सम्वन्धी व्यवस्था : यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा वैंकले कर्जा प्रवाह नगरेको, ऋृणीले सेवा सुविधा नपाएको तथा ऋृणको सदुपयोग नभएको लगायतका यससंग सम्वन्धित गुनासो सुन्ने तथा सोका आधारमा आवश्यक काम कारवाही अगाडि बढाउने कार्य केन्द्रीय समन्वय तथा अनुगमन समितिको सचिवालयले गर्नेछ ।

१९. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित व्यवस्था बमोजिम हुनेछ ।

२०. फाराम तथा ढांचा सम्बन्धी व्यवस्था:

(१) यस कार्यविधि बमोजिम सहुलियतपूर्ण कर्जा तथा व्याज अनुदान प्रदान गर्दा प्रयोग हुने अन्य सरलीकृत फाराम तथा ढांचा नेपाल राष्ट्र बैंकसंगको समन्वयमा बैंकले तोके बमोजिम हुनेछ ।

(२) बैंकको आन्तरिक प्रयोजनको लागि यस कार्यविधि बमोजिम सहुलियतपूर्ण कर्जा तथा व्याज अनुदान प्रदान गर्दा प्रयोग हुने कर्जासंग सम्वन्धित बिबरणहरुको ढांचा र आवश्यक कागजातहरु आवश्यकता अनुसार समय समयमा बैंक व्यवस्थापन स्तरीय कर्जा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२१. संशोधन तथा हेरफेर : नेपाल सरकार र नेपाल राष्ट्र बैंकको निर्देशन एवं मूल कार्यविधिसंग नबाभिने गरी संचालक समितिले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर गर्न सक्नेछ ।

२२. खारेजी तथा वचाउ : राष्ट्रिय वाणिज्य बैंक लि. संचालक समितिवाट स्वीकृति भई जारी गरिएको **"राष्ट्रिय वाणिज्य बैंक लि. व्यावशायिक कृषितथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धी कार्यविधि २०७३"** खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएका कार्यविधि बमोजिम भए गरेका काम कारवाही सवै यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

अनुसूची १

(दफा २ संग सम्बन्धित)

(क) <u>व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा</u> :

१. तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा विक्री वितरण,

२. बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण तथा विक्री वितरण,

३. वनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा वागवानी,

४. पशुपन्छीपालन,

५. अष्ट्रिज, टर्की र हांसपालन, सोको मासु एवं अण्डाको भण्डारण प्रशोधन तथा विक्री वितरण,

६. फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन, भण्डारण र बिक्री वितरण,

७. दुग्ध उत्पादन, प्रशोधन र बिक्री वितरण,

८. मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा बिक्री वितरण,

९. च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,

१०. पशुवधशाला, मासुजन्य उत्पादन, सोको भण्डारण, प्रशोधन तथा बिक्री वितरण,

११. जडिबुटी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,

१२. उखु, कफी, चिया, अलैची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, अल्लो, लोक्ता खेती तथा यिनीहरुको भण्डारण, प्रशोधन र बिक्री वितरण,

१३. मौरी पालन व्यवसाय,

१४. जौ, फापर, सिलामको उत्पादन, प्रशोधन र बिक्री वितरण,

१५. प्राङगारिक तथा जैविक मल,

१६. पशुजन्छीजन्य दाना उद्योग,

१७. कपास, उन, रेसम खेती/उत्पादन, प्रशोधन र बिक्री वितरण,

१८. भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट उनको उत्पादन, प्रशोधन र बिक्री वितरण,

१९. नेपाल सरकारले समय समयमा थप गरेका अन्य कृषि तथा पशुपन्छीजन्य व्यवसायहरु ।

(ख) <u>शिक्षित युवा स्वरोजगार कर्जा, (ग) वैदेशिक रोजगारबाट फर्केका युवा परियोजना कर्जा र (घ) महिला उद्यमशीलता कर्जा</u> :

देहायका व्यवसाय तथा उद्यमहरुको लागि प्रवाह हुनेछ ।

(१) <u>कृषि व्यवसाय (उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण)</u> :

(क) खाद्यान्न, नगदे बाली, तरकारी, फलफूल तथा जडिबुटी :

- धान, गहुं,मकै, कोदो, जौ, तोरी, सरस्यू, केराउ, चना, भटमास आदि ।
- चिया, अलैंची, सूठो, सुपारी, नरिवल, कपास, अल्लो, अम्रिसो, बाबियो, उखु, रबर, अदुवा, बेसार, सूर्यमुखी, मरीच जस्ता मसला आदि।
- लसुन, प्याज, आलु, काउली, बन्दा, परवल, कुरिलो, भण्टा, चम्सुर, पालुंगो, रायो, ब्रोकाउली, गोलभेडा, च्याउ, बोडी, सिमी, फर्सी, गाजर, मुला, खोर्सानी, पिंडालु, इसकुस, धनियां, तरुल, घिरौला आदि ।
- आंप, सुन्तला, स्याउ, अनार, दारिम, अम्वा, कागती, निवुवा, भोगटे, ज्यामीर, लप्सी, लिची, कटहरा, भूइंकटहर, अंगुर, हलुवाबेद, मेवा, केरा, खुर्सानी, बयर, सतीवयर, अमला, विभिन्न किसिमका फूल खेती, (टिस्यूकल्चर, बीउ तथा बेर्ना उत्पादन समेत) आदि ।
- नेपाल सरकारको सम्बन्धित निकाय वा जडिबूटी उत्पादन वा प्रशोधन कम्पनीले तोकेका सबै किसिमका जडिबूटी उत्पादन (प्रचलित कानूनले बन्देज लगाएका बाहेक) आदि ।

(ख) पशुपन्छीपालन :

- गाई, गोरु, भैंसी, रांगो, बंगुर, सुंगुर, खरायो, चौरी, याक, भेडा, बाख्रा, थुमा, खसी, बाच्छा-बाच्छी, पाडा-पाडी, घोडा, गधा, खच्चर र आर्थिक उपार्जनका लागि पालिने अन्य पशुहरु ।
- कुखुरा, हांस, परेवा, लौकाट, बट्टांई र आर्थिक उपार्जन गर्नका लागि पालिने अन्य पन्क्षीहरु ।
- व्यवसायिक रुपले गरिएको मत्स्यपालन, गौरीपालन, रेशम किरा पालन आदि ।

(ग) सिंचाई तथा सिंचाई उपकरण :

- कृषि उत्पादन वृद्धि गर्न सघाउ पुर्‍याउने गरी कृषकहरुले एक्लै वा सामूहिकरुपमा निर्माण गर्ने कुलो, नहर, नल, हातेनल, क्याप्टिभ जेनरेटर, स्प्रिंकलर, पम्पसेट, रोअर पम्प आदि ।

(घ) कृषि औजार वा सयन्त्र :

- थ्रेसर, ग्रिंडर, आधुनिक हलो, कुटो, कोदालो, कोदाली, हंसिया, खुर्पा, खन्ती, ट्याक्टर, ट्रेलर, आदि ।

(ङ) वन विकास तथा चरन विकास :

- नर्सरी स्थापना र विकास, निजी एवं सामुदायिक वृक्षारोपण, वन विकासका लागि प्रयोग हुने मलखाद, कृषि वन प्रणालीको विकास र विस्तार, चरन विकास आदि ।

(च) जग्गा विकास र भू-संरक्षण :

- जमीन सुधार, तार-बार, जाली, पर्खाल आदि ।

)छ) प्रचलित कानूनले बन्देज गरिएका बाहेकका अन्य कृषि उत्पादनहरु तथा कृषिजन्य व्यवसायहरु ।

(२) उद्योग व्यवसाय :

हाते एवं खुट्टे तान, अर्धस्वचालित तान, वार्पिङ्ग, रङ्गाई, छपाई, सिलाई, बुनाई, राडी, पाखी, उनी गलैचा, पश्मिना, उनी पोशाक, सिकर्मी कार्य, काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य, वेत, बांस र निगालोका सामान तयार गर्ने कार्य, प्राकृतिक रेशाबाट विभिन्न वस्तुहरुको निर्माण कार्य, हाते कागज उत्पादन, सुन, चांदी, तामा, पित्तल, फलाम जस्ता धातुहरुको कार्य, गहना एवं मुर्ति बनाउने कार्य, मह, च्यूरी, अलैंची एवं चिया प्रशोधन कार्य, सेरामिक्स एवं कुमालेको पेशागत कार्य, छाला सम्वन्धी पेशागत कार्य र ट्यानिङ्ग छाला, हाड, सिङ्ग तथा ढुंगाबाट तयार हुने वस्तुहरुको उत्पादन, चित्रकला, कागजबाट बनेका सामान, धुप, पुतली, खेलौना र प्रचलित औद्योगिक व्यवसाय ऐनले परम्परागत घरेलु उद्योग भनी परिभाषा गरेका सम्पूर्ण उद्योगहरु ।

(३) सेवा व्यवसाय :

(क) स्वास्थ्य सम्वन्धी सेवा व्यवसायहरु : स्वास्थ्य परीक्षण प्रयोगशाला, प्राकृतिक तथा आयुर्वेद चिकित्सा केन्द्र आदि संचालन, शिशु स्याहार केन्द्र, औषधी पसल ।

(ख) पशुपन्छी सम्बन्धी चिकित्सा व्यवसायहरु : पशु चिकित्सा सम्बन्धी स्वास्थ्य परीक्षण तथा औषधी पसल, पशु आहारा खरिद बिक्री आदि ।

(ग) कृषि एवं औद्योगिक उत्पादन वृद्धिमा सघाउ पुर्‍याउने सेवा व्यवसायहरु : कृषि सामग्री, वेचबिखन, कृषि उपज वेचबिखन, औद्योगिक कच्चा पदार्थको खरिद बिक्री आदि ।

(घ) सीप एवं स्वरोजगारमूलक व्यवसायहरु : फोटोकपि, कम्प्युटर संचालन, मर्मतशाला, ( टेम्पो, बस, मिनीवस, माईक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, रिक्सा, रेडियो, फोटोकपी, कम्प्युटर, टि.भि., टेलिफोन,, घडी आदि), सिलाई, बुनाई, केश श्रृंगार, सिकर्मी, डकर्मीको सेवा, दैनिक उपभोगका सामान खरिद बिक्री, पुस्तक, स्टेशनरी एवं अन्य शैक्षिक सामग्रीको खरिद बिक्री, चिया तथा चमेना पसल, घरजग्गाको नक्शा तयार गर्ने, मूल्यांकन गर्ने, कानूनी सेवा, अनुसन्धान, परामर्श खानेपानी वितरण र सरसफाईसंग सम्बद्ध व्यवसायहरु नेपाली तथा राष्ट्रिय भाषामा चलचित्र निर्माण तथा प्रदर्शन, बाल-उद्यान, खेलकूद आदि ।

(ङ) पर्यटन सम्बन्धी व्यवसायहरु : होटेल, मोटेल, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग,र्‍याफटिङ्ग आदि ।

(च) संचार सम्बन्धी व्यवसायहरु : टेलिफोन, फ्याक्स, ई-मेल-इन्टरनेट, भिडियो कन्फरेन्सिङ्ग, टेलिकन्फरेन्सिङ्ग आदि ।

(छ) यातायात सेवा सम्बन्धी व्यवसायहरु : रिक्सा, ठेलागाडा, एक्का (घोडा सहित) आदि ।

(ज) प्रचलित औद्योगि व्यवसाय सम्बन्धी कानूनले तोकेको अन्य सेवामूलक व्यवसायहरु ।

(४) अन्य व्यवसाय :

- मूल्य अभिबृद्धि हुने व्यवसाय : जस्तै: रेडियो, घडि, टेलिभिजन, कम्प्युटर, आधुनिक वत्ती, टर्च, लाइटर, इम्ब्राइडरी, तयारी पोशाक आदि ।
- सूचना प्रविधि : कम्प्युटर सफ्टवेयर एवं हार्डवेयर सम्बन्धी व्यवसाय ।
- विविध : खुद्रा पसल, आवास निर्माण, सौर्य वत्ती, धारा बाथरुम तथा शौचालय निर्माण ।
- प्रचलित कानूनले बन्देज लगाए बाहेकका अन्य व्यवसायहरु ।

(ख) पशुपन्छी सम्बन्धी चिकित्सा व्यवसायहरु : पशु चिकित्सा सम्बन्धी स्वास्थ्य परीक्षण तथा औषधी पसल, पशु आहारा खरिद बिक्री आदि ।

(ग) कृषि एवं औद्योगिक उत्पादन वृद्धिमा सघाउ पुर्याउने सेवा व्यवसायहरु : कृषि सामग्री, बेचबिखन, कृषि उपज बेचबिखन, औद्योगिक कच्चा पदार्थको खरिद बिक्री आदि ।

(घ) सीप एवं स्वरोजगारमूलक व्यवसायहरु : फोटोकपि, कम्प्युटर संचालन, मर्मतशाला, ( टेम्पो, बस, मिनीबस, माईक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, रिक्सा, रेडियो, फोटोकपी, कम्प्युटर, टि.भि., टेलिफोन,, घडी आदि), सिलाई, बुनाई, केश श्रृंगार, सिकर्मी, डकर्मीको सेवा, दैनिक उपभोगका सामान खरिद बिक्री, पुस्तक, स्टेशनरी एवं अन्य शैक्षिक सामग्रीको खरिद बिक्री, चिया तथा चमेना पसल, घरजग्गाको नक्शा तयार गर्ने, मूल्यांकन गर्ने, कानूनी सेवा, अनुसन्धान, परामर्श खानेपानी वितरण र सरसफाईसंग सम्बद्ध व्यवसायहरु नेपाली तथा राष्ट्रिय भाषामा चलचित्र निर्माण तथा प्रदर्शन, बाल-उद्यान, खेलकूद आदि ।

(ङ) पर्यटन सम्बन्धी व्यवसायहरु : होटेल, मोटेल, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग,र्याफटिङ्ग आदि ।

(च) संचार सम्बन्धी व्यवसायहरु : टेलिफोन, फ्याक्स, ई-मेल-इन्टरनेट, भिडियो कन्फरेन्सिङ्ग, टेलिकन्फरेन्सिङ्ग आदि ।

(छ) यातायात सेवा सम्बन्धी व्यवसायहरु : रिक्सा, ठेलागाडा, एक्का (घोडा सहित) आदि ।

(ज) प्रचलित औद्योगि व्यवसाय सम्बन्धी कानूनले तोकेको अन्य सेवामूलक व्यवसायहरु ।

(४) अन्य व्यवसाय :

- मूल्य अभिबृद्धि हुने व्यवसाय : जस्तैः रेडियो, घडि, टेलिभिजन, कम्प्युटर, आधुनिक वत्ती, टर्च, लाइटर, इम्ब्राइडरी, तयारी पोशाक आदि ।
- सूचना प्रविधि : कम्प्युटर सफ्टवेयर एवं हार्डवेयर सम्बन्धी व्यवसाय ।
- विविध : खुद्रा पसल, आवास निर्माण, सौर्य वत्ती, धारा बाथरुम तथा शौचालय निर्माण ।
- प्रचलित कानूनले बन्देज लगाए बाहेकका अन्य व्यवसायहरु ।

(ग) दलित समुदाय व्यवसाय विकास कर्जा :

नेपाल सरकारले दलित समुदायलाई सामूहिक जमानीमा उपलब्ध गराउने सहुलियतपूर्ण कर्जाका लागि योग्य व्यवसायहरु :-

१. परम्परागत बजाउने बाजा निर्माण तथा खरिद गर्न,

२. सिलाई कटाई, सिलाई कटाई तालिम संचालन, सिलाई मेशिन खरिद गर्न,

३. परम्परागत आय आर्जनका पेशाहरु,

४. फलाम, कोइला आदि वस्तु खरिद बिक्री गर्न, आरन बनाउन चाहिने सामग्री खरिद तथा निर्माण गर्न, आरनको लागि यन्त्रशाला निर्माण गर्न,

५. जुत्ता बनाउनको लागि चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता, चप्पल, व्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवं प्रशोधन र उत्पादित वस्तुहरु बिक्री गर्न,

६. परम्परागत सुन चांदीका गहना एवं भांडाकुंडा बनाउने पसल तथा सोसंग सम्बन्धित कालीगढ सेवा,

७. सरसफाई पेशाको लागि चाहिने सामानहरु खरिद गर्न,

८. आफ्नो पुख्यौली पेशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरिद गर्न, वस्तु तथा सेवा बिक्री गर्न, व्यवसायको लागि सामूहिक यन्त्रशाला निर्माण गर्न,

९. नेपाल सरकारले समय समयमा तोकेको अन्य पेशाहरु ।

(घ) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा :

आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरुलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनका लागि कर्जाका लागि योग्य क्षेत्रहरु :-

१. नेपाल सरकारले तोकिदिएको बिषयका उच्च शिक्षा,

२. स्वास्थ्यसंग सम्बन्धित बिषयहरु एम.वि.वि.एस., आयुर्वेद चिकित्सा, बि.डि.एस., बि.पि.एच., फार्मेसी, नर्सिङ्ग लगायतका स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

३. इन्जिनियरिङ्गसंग सम्बन्धित बिषयहरु जस्तै : सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, जियोमेट्रिक, मेकानिकल, कम्प्युटर आदिका स्नातक वा सो भन्दा माथिल्लो तहका बिषयहरु,

४. पशु विज्ञानसंग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

५. कृषि विज्ञानसंग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

६. अन्य प्राविधिक विषयहरुसंग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु ।

अनुसूची २

(दफा ११(क) संग सम्वन्धित)

"सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्वन्धी एकीकृत कार्यविधि, २०७५" वमोजिमको

........................................ कर्जाका लागि ऋणीले बैंकमा दिने निवेदनको ढांचा

मिति : २०../ .. / ..

श्री ............................बैंक लि.

................................... ।

बिषय : व्याज अनुदान सहितको ................................ कर्जा बारे ।

महाशय,

उपर्युक्त सम्बन्धमा नेपाल सरकारले जारी गरेका "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्वन्धी एकीकृत कार्यविधि, २०७५" वमोजिम ................. कर्जा उपभोग गर्नका लागि मलाई/मेरो (फर्म), कम्पनी, संस्था) ............ लाई ................ प्रयोजनका लागि कर्जा प्रदान गरिदिन हुन यो निवेदन पेश गरेको छु । साथै, त्यस बैंकले तोकेका कागजात तथा बिवरण समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेका छु/छौं । मैले प्रचलित कानून, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएका शर्तहरुको अधीनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको सांवा तथा व्याज समयमै भुक्तानी गर्नेछु ।

नाम :

ठेगना :

सम्पर्क टेलिफोन नं.

फर्म, कम्पनी, संस्था, उद्योग भए,

नाम :

छाप :

ठेगाना :

सम्पर्क टेलिफोन नं.

अनुसूची ३

(दफा १५.(ख) संग सम्बन्धित)

"सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्वन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम प्रदान गरेको कर्जाको अनुदानको लागि बैंक नेपाल राष्ट्र बैंकमा पेश गर्ने निवेदनको ढांचा

मिति : २०../ .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन बिभाग,
बालुवाटार, काठमाडौ ।

विषय : "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम प्रवाह भएका कर्जाको आ.व. ..........को ..............त्रैमासको अनुदान बारे ।

महाशय,

यस बैंकले "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्वन्धी एकीकृत कार्यविधि, २०७५" अनुरुप प्रवाह गरेको सम्पूर्ण कर्जामा यसैसाथ संलग्न बिवरण बमोजिमका ऋणीहरुले अनुदान पाउने बाहेकको व्याज रकम जम्मा गरेकोले उक्त कर्जाहरुमा पाउने व्याज अनुदान वापतको रकम कूल रु. ................(अक्षरेपी ..................) तहांको बैंकिंग कार्यालयस्थित यस बैंकको खाता नं. ........................मा जम्मा हुने गरी उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछौ । साथै उपरोक्त अवधिमा सम्बन्धित ऋणहरुबाट व्याज वापत रकम रु. .................... (अक्षरेपी ...................................) असुल उपर भइसकेको व्यहोरा समेत अनुरोध छ ।

दस्तखत :
नाम :
पद :
बिभाग/कार्यालय

दस्तखत :
नाम :
पद :
बिभाग/कार्यालय :

छाप :